"मुसिकोट नगरको समृद्धिका आधारः सामाजिक विकास र न्यायसँगै कृषि,उद्योग,पर्यटन र पूर्वाधार"

# मुसिकोट नगरपालिका/Musikot Municipality

## नगर कार्यपालिकाको कार्यालय/Office of the Municipal Executive

वामीटक्सार, गुल्मी/Wamitaksar, Gulmi

लुम्विनी प्रदेश, नेपाल ।

Lumbini Province, Nepal

च.नं./Ref. No.: ६३०

प.सं./Des. No.:२०७९/८०

मिति : २०७९/०८/२८

श्री वडा कार्यालयहरु सवै (१-९)

मुसिकोट नगरपालिका, गुल्मी

विषय : योजना सम्झौता सम्वन्धमा ।

प्रस्तुत विषयमा आ.व. ०७९/०८०का लागि वजेट विनियोजन भएका योजनाहरुमध्ये प्राविधिक लागत अनुमान तयार भएका उपभोक्ता समितिवाट कार्यान्वयन हुने योजनाहरुको उपभोक्ता समितिका पदाधिकारीहरुलाइ योजना सम्झौता तथा वैक खाता खोल्ने प्रयोजनको लागि मिति २०७९ पौष ७ गते भित्र नगरकार्यपालिकाको कार्यालयमा निम्न कागजात सहित पठाउने व्यवस्था मिलाउनुहुन अनुरोध छ ।

<u>आवश्यक कागजातहरु</u>

- भेलावाट उपभोक्ता समिति गठनको निर्णयको प्रतिलिपि
- उपभोक्ता समितिको योजना सम्झौता गर्ने र वैक खाता खोल्ने निर्णयको प्रतिलिपि
- उपभोक्ता समितिका अध्यक्ष कोषाध्यक्ष र सचिवको नागरिकता प्रमाण पत्र प्रतिलिपि
- तोकिएको ढाचाको निवेदन यसै पत्रसाथ संलग्न
- वडा कार्यालयको सिफारिस

पुनश्च

१.तोकीएका कागजातहरु वडा कार्यालयले फाइल तयार गरी नगरपालिकाको कार्यालयमा पठाएमा नगरपालिकाको टिम वडा कार्यालयमै आइ योजना सम्झौता गर्ने व्यवस्था मिलाइने व्यहोरा जानकारी गराइन्छ । तर वैक खाता खोल्नको लागि समितिका अध्यक्ष, सचिव तथा कोषाध्यक्ष नगरपालिकाको सिफारिस सहित वैकमा जानुपर्नेछ ।

२.तोकीएको मिति भित्र सम्झौता हुन नसकेका योजनाहरुको रकम आगमी नगरसभावाट रकमान्तर गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

३.प्राविधिक लागत अनुमान तयार नभएका योजनाहरुको लागी सम्पर्क

वडा नं. १ देखि ४ सव इन्जनियर सन्तोष राउत फोन नं. ९८५७०६७७१९

वडा नं. ५ देखि ९ सव इन्जनियर पवन कुमार हिताङ्ग फोन नं. ९८६६१५२५४६

विनोद कुँवर
प्रमुख प्रशासकीय अधिकृत

079-412145